**पाँचखाल नगरपालिका वार्ड न. ९, ११ र १२ मा भएको Food Poisoning (बिसाक्त खाना सेवन) को घटना सम्बन्धमा मिती २०७५ भाद्र २९ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको**

**प्रेस विज्ञप्ति (#३)**

स्थानीय स्वावलंबन सहकारी सस्थाले तीजको अबसरमा आयोजना गरेको मिति २०७५ भाद्र २२ को दर खाने कार्यक्रममा करिब ५९० जना स्थानीयहरु सहभागी रहेको र सहभागीहरुले खाना (दर) खाए पश्चात करीब ६ घण्टा पछि बान्ता आउने तथा पेट दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरु देखा परेका थिए । जम्मा बिरामी संख्या **४८२** अभिलेखीकरण गरीएको छ ।

१. NPHL ले गरेको दुई ओटा पानी जांचको नतीजा **नमुना १ मा:** Coliform >१८०, E-coli>४० **नमुना २ मा:** Coliform >१८०, E-coli>१८० आएको छ ।

२. धुलिखेल अस्पताल तथा त्रि. बि. शिक्षण अस्पतालबाट प्राप्त जानकारी अनुसार ३५+१ (३६) जनामा entamoeba histolytica positive आएको छ र १ जनामा Shigella (आउँ) देखीएको छ ।

३. बिधि विज्ञान प्रयोगशालामा पठाइएको food sample र पानी नमुना जांच गर्दा कुनैपनि विषाधि नरहेको जानकारी प्राप्त भएको छ ।

उक्त दिन देखि नै प्रभावितहरुको उपचार तपसिल अनुसारका अस्पतालहरुमा आजसम्म बिरामी भर्नाको दिउँसो **१:५० बजे सम्मको** विवरण:-

| क.स् | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका | आजको बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | धुलिखेल अस्पताल | १८५ | १ | १८४ डिस्चार्ज (१ अवस्था सामान्य) |
| २ | शिर मेमोरियल अस्पताल | ९७ | ३ | ८७ डिस्चार्ज, ७ रिफर गरिएको, (३ अवस्था सामान्य) |
| ३ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ११ | १ | १० डिस्चार्ज, १ ICU (अवस्था सुधार भएको, २७ बर्ष) |
| ४ | बालुवा आउटरीच सेन्टर | ३५ | - | ३३ डिस्चार्ज, २ रिफर गरिएको |
| ५ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ६० | - | ५० डिस्चार्ज, १० रिफर गरिएको |
| ६ | पाँचखाल पोलिक्लनिक | ४६ | - | ३१ डिस्चार्ज, ६ रिफर गरिएको, ९ जना औषधी लिन आएको |
| ७ | बनेपा अस्पताल | ५ | - | ५ डिस्चार्ज |
| ८ | निजामती अस्पताल | २ | - | पाँचखाल पोलिक्लिनिक बाट रिफर गरिएको (डिस्चार्ज) |
| ९ | त्रि.बि. शिक्षण अस्पताल | १ | १ | अवस्था स्थिर (अन्य रोगको कारण भर्ना भएको) |
| १० | कान्ती बाल अस्पताल | ५ | - | ५ डिस्चार्ज |
| ११ | श्री वीरेन्द्र अस्पताल | १ | १ | विरामी ठिक भई हाल चोटपटक लागेर भर्ना भएको |
| १२ | काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल | ३ | १ | ३ डिस्चार्ज, १ जना गर्ववती महिला भएकोले भर्ना भएको |
| १३ | हेल्थ क्याम्प, भावना मा .बि., बालुवा | ३१ | - | बिभिन्न अस्पतालहरुमा रिफर गरिएको |
| | **जम्मा** | ४८२ | ८ | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

घटना घटेको दिन मिति २०७५/०५/२३ गते शनिबारनै सचिवज्यूको निर्देशनमा स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यूको नेतृत्वमा स्वास्थ्य मन्त्रालय गुणस्तर मापन तथा नियमन प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई प्रमुख तथा बिश्व स्वास्थ्य संगठन लगायत जिल्लाको RRT, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी बलको संयुक्त टोलिले घटनास्थलको स्थलगत अध्ययन गरि आबश्यक स्वास्थ्य सेवा तथा उपचार मा सहजीकरण गरेको |

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मार्फत स्थानीय रुपमा प्रत्यक्ष सेवा पुर्याउने धुलिखेल अस्पताल, शिर मेमोरीअल, पाटन अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, सम्बन्धित स्थानीय नगरपालिका लगायात संग स्थलगत रुपमा समन्वय, परीचालन तथा निरन्तर सम्बाद, समन्वय तथा बिरामीहरुको अबस्थाको बारे निरन्तर फलोअप गरिरहेको छ | साथै इपिडीमियोलीजीकल अन्वेषण गर्ने कार्य निरन्तर रहेको छ |

यस घटनाको व्यवस्थापनमा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, अस्पताल, संघसँस्था, ब्यक्तित्व तथा समुदाय, पत्रकार तथा सम्बन्धीत सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक धन्यबाद ज्ञापन गर्दछ |

५।२९

**चुडामणि भण्डारी**

प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई (HEDMU)/
Health Emergency Operation Center (HEOC)

**मितिः** २०७५/०५/२९

**फोन** HEOC: ०१-४२५०८४५
**इ-मेल** :heocmohp@gmail.com
**वेबसाइटः** heoc.mohp.gov.np